रामगोपालपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामगोपालपुर, महोत्तरी

प्रदेश नं.-२, नेपाल

प.सं. : २०७६।०७७

च.नं. :

मितिः

**प्रथम पटक प्रकाशित सूचना**

**मिति २०७६।७।१४ गते**

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस नगरपालिकाको स्वामित्व र संरक्षणमा रहेको निम्न बमोजिम पोखरी ठेक्का आ.व. २०७६।०७७ देखि ३ वर्षका लागी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७६।७।१४ गते देखि २०७६।७।२८ गते कार्यालय समय भित्र रु.१०००।- (फिर्ता नहुने) गरी वोलपत्र फाराम खरिद गर्न सकिनेछ। खरिद गरिएको बोलपत्र फारामहरु फाराम सक्कलै २०७६।७।२९ गते दिनको १२:०० बजे रितपुर्वक खोलिनेछ।

**निम्न बमोजिम पोखरीहरुको विवरण :**

| सि.नं. | पोखरीको नाम | न्यूनतम रकम | अक्षरेपी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रजोखर पोखरी | ३०,००,०००।- | तीस लाख मात्र। | तीन वर्षको लागी मात्र |
| २ | विचला मखानी पोखरी | २५,००,०००।- | पच्चिस लाख मात्र। | तीन वर्षको लागी मात्र |
| ३ | पुर्वारी पोखरी बसविट्टी | ६,००,०००।- | छौं लाख मात्र। | तीन वर्षको लागी मात्र |
| ४ | सहसौला-९ (कि.नं.८२ क्षेत्रफल ०१-०७-१४) | ३,५०,०००।- | तीन लाख पच्चास हजार मात्र। | तीन वर्षको लागी मात्र |
| ५ | सहसौला-४ (कि.नं.१८१ क्षेत्रफल ०-१३-०६) | २,२५,०००।- | दुई लाख पच्चिस हजार मात्र। | तीन वर्षको लागी मात्र |

**शर्त तथा बन्देजहरु :**

(१) आ.व.२०७६।०७७ देखि ३ वर्षका लागी पोखरी ठेक्काको न्यूनतम रकम कायम गरिएको छ। न्यूनतम रकम भन्दा माथि सबै भन्दा बढी कवोल गर्ने सारभुत रुपमा प्रभावग्राही बोलपत्र दातालाई नियमानुसार तीन वर्षका लागी ठेक्का दिई चलन गर्न दिईनेछ।

(२) नगरपालिकालाई तिर्न वक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको नगरपालिकाले कालो सूचिमा राखी सेवा रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवार सदस्यहरुले ठेक्का लिन पाउने छैन। बोलपत्र दाताको घरमा अनिवार्य शौचालय हुनुपर्नेछ।

(३) प्राप्त बोलपत्रहरु मिति २०७६।७।२८ गते अपरान्ह २:०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। सो समय बोलपत्र दाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थिती हुनुपर्ने छ। उपस्थिती नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन।

(४) बोलपत्र दिने व्यक्ति नेपाली नागरिकले बोल रकमको ५% हुने धरौटी रकम यस न.पा. कार्यालयको सिद्धार्थ बैंक लि. रामगोपालपुरमा रहेको धरौटी खाता नं. ०२३१५१२१९९९ मा जम्मा गरी सोको सक्कलै भौचर वोलपत्र साथ दाखिला गर्नुपर्ने छ।

(५) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशीक स्वीकृत गर्ने सर्वाधिकार न.पा.का.मा सुरक्षित रहने छ।

(६) सदर हुने बोलपत्र दाताले ठेक्का अंकको दामासाहीले धरौटी वाहेकको ३ वर्षलाई कवोल गरेको रकम वार्षिक दामासाहीले हुने रकम मध्ये पहिलो किस्ता र वार्षिक हुन आउने रकम सम्झौता गर्दा नै अग्रिम रुपमा बुझाउनुपर्नेछ। बांकी रकम प्रत्येक श्रावण मसान्त भित्र न.पा.मा अग्रिम रुपमा बुझाउनुपर्ने छ। तोकिएको समय किस्ता रकम चुक्ता नगरिएमा प्रति दिन ३००।- (तिन सय मात्र) का दरले विलम्व शुल्क लाग्ने छ। विलम्व शुल्क सहित थप ३० दिनको ठेक्का चुक्ता गर्ने अवधी रहने छ। सो अवधी सम्म ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका बिच भएको सम्झौता स्वतः भंग भएको मानी सरकारी बांकी सरह वक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी बढाउने छ। सम्झौता गर्दा दाखिला गरेर बांकी रहेको हकमा ठेक्का बांकी अवधीको म्याद भएको फरफरमेन्स वण्ड बैंक ग्यारेन्टी वा नगर क्षेत्र भित्रको धन तथा जेथा जमानी दिनुपर्ने छ।

(७) ठेकेदारले राखिएको बैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै बखत मांग गरी वक्यौता रकम असुल उपर गर्न सक्नेछ।

(८) ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशन विनाशर्त पालना गर्नुपर्नेछ । सो पालना गर्दा कुनै क्षती हानि नोक्सानी भयो भने नगरपालिका समक्ष मांग दावी ठेकेदारले गर्न पाउने छैन ।

(९) ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघिय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनुपर्नेछ । सो अनुसार नगरेमा ठेकेदार नै स्वतः जिम्मेवार हुनेछ ।

(१०) ठेक्का चलनमा कुनै गलत वा कुनै अवैधानिक प्रकृया अपनाईएको पाईएकोमा बढीमा तिन पटक सम्म न.पा.ले सचेत गराए तर पनि अटेर गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसार कारवाहीका लागी प्रकृया अगाडी बढाईनेछ ।

(११) नेपाल सरकारलाई बुझाउनुपर्ने रकम कर, शुल्क, दस्तुर ठेकेदारले बुझाउनुपर्नेछ ।

(१२) कुनै किसिमको हडताल, बन्द, चक्काजाम वा बाढी पहिरो आदी भएका दिनको क्षती विवरण खुलाई रकम मिन्हा मांग्ने पाईने छैन ।

(१३) स्वीकृत बोल रकम एकमुष्ठ जम्मा गरेमा कवोल अंकको १०% छुट दिनेछ ।

(१४) पोखरीको माछा झिक्दा विषादीको प्रयोग गर्न पाउने छैन, उक्त पोखरी सफा सुधर राख्नुपर्ने छ, पोखरी नुहाउन र पानी लिन प्रचलित संस्कार मनाउन मनाही गर्न पाउने छैन ।

(१५) पोखरी हाल जुन अवस्थामा छ सोही अवस्थामा ठेक्का संचालन गर्नुपर्नेछ र पछि बाढी वर्षा वा अन्य कुनै प्रकारले पोखरी डील भत्केमा वा टुटेमा ठेकेदारले स्वयंम मर्मत गरी माछा पालन गर्नुपर्ने छ । सो लाग्ने खर्च न.पा.ले व्यहोर्ने छैन । पोखरीको सुन्दरतामा अधिवृद्धि गरी सफा सुधर राख्नुपर्नेछ ।

(१६) ठेक्का चलन गर्दा विवाद परेमा त्यसको समाधान ठेकेदारले गर्नुपर्नेछ ।

(१७) वर्तमान अवस्थामा पोखरीमा भएको माछामा कुनै किसिमको दावी गर्न पाईने छैन ।

(१८) ठेकेदार र नगरपालिका कार्यालय बिच विवाद उत्पन्न भएमा रामगोपालपुर नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्यय हुनेछ ।

(१९) कुनै पनि वहना वा कारण देखाई ठेक्का रकम मिनहा छुट ठेकेदारले दावी वा मांग गर्न पाउने छैन ।

(२०) सूचनामा उल्लेख भएका कुराहरु यसै वमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

(२१) बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनीक विदा परेमा उक्त कार्यहरु बिदा पछि कार्यालय खोलेको दिन सोही समयमा हुनेछ ।